**प्रस्तावहरु :**

**प्रस्ताव नं. १ :** आ.व. २०७६।०७७ को बजेट वक्तव्य सम्वन्धमा ।

**प्रस्ताव नं. २ :** कार्यपालिकाबाट भएका काम कारवाही र निर्णय अनुमोदन सम्वन्धमा ।

**प्रस्ताव नं. ३ :** आ.व. २०७६।०७७ को वार्षिक विकास कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ४ :** क्रमागत योजनाहरु सम्वन्धमा ।

**प्रस्ताव नं. ५ :** सम्पत्ती कर प्रणाली कार्यान्वयनमा ल्याउने सम्वन्धमा ।

**प्रस्ताव नं. ६ :** कर्मचारी दरवन्दी स्वीकृत सम्वन्धमा ।

**प्रस्ताव नं. ७ :** कर्मचारी छनौट समिति ।

**निर्णय नं. १ :**

यस गाउँपालिकाको आ.व. २०७६।०७७ को लागि गाउँसभामा पेश गरिने बजेट वक्तव्य (गत आ.व.०७४।०७५ यथार्थ, चालु आ.व. २०७५।०७६ को संशोधित अनुमान र आगामी आ.व. २०७६।०७७ को अनुमानित आय व्ययको विवरण) स्वीकृत गरी पारितको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ :**

यस गाउँकार्यपालिकाबाट हालसम्म भए गरेका कामकारवाही र निर्णयहरु अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तर्जुमा भई पेश भएको यस गाउँपालिकाको आ.व. २०७६।०७७ बार्षिक विकास कार्यक्रम माथि व्यापक छलफल गरी परिमार्जन सहित स्वीकृत गरी पारितको लागि पाँचौ गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

चालु आ.व. २०७५।०७६ मा कार्यान्वयनमा रहेका यस गाउँपालिका अन्तर्गतका तपसिलका आयोजनाहरु विविध कारणले समपन्न हुन नसकेकोले आगामी आ.व. २०७६।०७७ को लागि क्रमागत गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।